कार्यविधी नं........

# बुढीगंगा नगरपालिका

# राजश्व संकलन कार्यविधी, २०७९

कार्यपालिकाबाट स्वीकृत मितिः– २०७९/०४/१४

बुढीगंगा नगरपालिका,

बाजुरा जिल्ला

सुदुरपश्चिम, प्रदेश

**प्रस्तावनाः**

स्थानीय तह एक स्वायत्त सरकार भएका कारण स्थानीय तहको आर्थिक, सामाजिक विकासका लागि स्थानीय तहबाटै राजश्व संकलन गरी आत्म निर्भर स्थानीय तह बनाउन स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ९ बमोजिम स्थानीय तहको राजश्व संकलन कार्यविधी निर्माण गर्नु बाञ्छनिय भएकोले बुढीगंगा नगर कार्यपालिकाले यो कार्यविधी तयार गरी लागु गरेको छ ।

## परिच्छेद- १

**१. संक्षिप्त नाम र प्रारम्भ :**

१) यस कार्यविधीको नाम : "बुढीगंगा नगरपालिकाको राजश्व संकलन कार्यविधी-२०७९" रहको छ ।

२) यो कार्यविधी बुढीगंगा नगरपालिका भित्र मात्र लागु हुनेछ ।

**२.परिभाषाः**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्याविधिमा-

(क) **"राजस्व"** भन्नाले प्रचलित कानून बमोजिम नेपाल सरकारलाई तिर्नु वा बुझाउनुपर्ने भन्सार महसुल, अन्तःशुल्क, आयकर, मूल्य अभिवृद्धि कर, सवारी साधन कर, घरजग्गा बहाल कर, सम्पत्ति कर, घरजग्गा रजिष्ट्रेशन दस्तुर सम्झनु पर्छ र सो शब्दले प्रचलित कानून बमोजिम लाग्ने अन्य कर तथा गैरकर राजस्वलाई समेत जनाउँछ ।

(ख) **"गैरकर"** भन्नाले सबै प्रकारको प्रशासनिक दस्तुर, सेवा शुल्क, रोयल्टी, लाभांश, साँवा व्याज लगायत नेपाल सरकारले प्रचलित कानून बमोजिम लगाएको सबै दस्तुर तथा शुल्क समेतको रकम सम्झनुपर्छ ।

ग) **"राजश्व अधिकारी "** भन्नाले बुढीगंगा नगरपालिका अन्तर्गत राजश्व शाखा हेर्ने गरी तोकिएको कर्मचारी सम्झनु पर्छ ।

(घ) **"कर्मचारी"** भन्नाले बुढीगंगा नगरपालिका अन्तर्गत राजस्व समहूमा कार्यरत कर्मचारी सम्झनु पर्छ ।

(ङ) **"संकलक"** भन्नाले नगरपालिकाद्धारा नियुक्त राजश्व संकलक सम्झनु पर्दछ ।

## परिच्छेद- २

## .राजश्व संकलन कार्यविधी

### २ .राजश्व संकलन विधी

(२.१) बुढीगंगा नगरपालिकाले नगर क्षेत्र भरी उत्पादन तथा सेवा क्षेत्रमा कर लाग्ने क्षेत्र पहिचान गरी कर /राजश्व संकलन गर्नेछ ।

(२.२) नगरकार्यपालिकाले पारित गरेको करका दर अनुसार राजश्व संलन गर्न छुट्टै शाखा स्थापना गरी राजश्व संकलनलाई व्यवस्थित बनाइने छ ।

(२.३) नगरपालिकाले राजश्व व्यवस्थित गर्न शाखा कायम गरी छुट्टै राजश्व शाखाको स्थापना गर्न सक्नेछ भने संकलन गर्न करार वा अन्य कुनै व्यवस्थाज गरी संकलक राखेर समेत राजश्व संकलनलाई प्रभावकारी ढंगबाट गर्न सक्नेछ ।

(२.४) संकलित राजश्व नगरपालिकाको कोषमा हरेक दिनको भोली पल्टसम्म दाखिला गरिसक्नु पर्नेछ ।

## परिच्छेद- ३

## राजस्व चुहावट नियन्त्रण सम्बन्धी व्यवस्था

(३.१) **राजस्व चुहावट गर्न नहुनेः** कुनै पनि व्यक्तिले राजस्व चुहावट गर्न, गराउन वा गर्ने उद्योग गर्न वा त्यस्तो कार्य गर्न कुनै पनि कर्मचारीलाई कुनै पनि प्रकारले मद्दत गर्ने वा त्यस्तो कार्यमा मतियार हुनु हुँदैन ।

**(३.२.) राजस्व चुहावट गरेको मानिने :** कुनै पनि व्यक्तिले देहायको कुनै कार्य गरेमा राजस्व चुहावटको कसूर गरेको मानिनेछ :-

(क) नेपाल सरकारलाई तिर्नु वा बुझाउनु पर्ने राजस्व नतिर्ने वा कम तिर्ने नियतले कुनै काम गरेमा ।

(ख) कम राजस्व तिर्ने वा राजस्व नतिर्ने उद्देश्यले गलत लेखा, विवरण वा कागजात प्रस्तुत गरी वा नगरी प्रचलित कानून बमोजिम तिर्नु वा बुझाउनु पर्ने राजस्व नतिरे वा नबुझाएमा वा तिर्नु वा बुझाउनु पर्ने राजस्व भन्दा घटी राजस्व तिरेमा वा बुझाएमा ।

(ग) कुनै पनि मालवस्तुको निकासी पैठारी गर्दा सम्बन्धित भन्सार कार्यालयमा प्रचलित कानून बमोजिम तिर्नु वा बुझाउनु पर्ने राजस्व नतिरी वा नबुझाई राजस्व छलेमा वा छल्ने प्रयत्न गरेमा ।

(घ) कुनै व्यक्तिले अन्य कुनै व्यक्तिको नामबाट कुनै उद्योग, व्यापार वा व्यवसाय गरी कुनै वस्तु निकासी वा पैठारी गरेमा वा कुनै विदेशी कम्पनी वा संस्थाको एजेन्ट भएमा सो कुरा नदेखाई प्रचलित कानून बमोजिम तिर्नु वा बुझाउनु पर्ने राजस्व नतिरी वा नबुझाई राजस्व छलेमा ।

(ङ) राजस्व तिर्नु, बुझाउनु वा दाखिल गर्नु पर्ने कार्यालय वा सो कार्यालयको कर्मचारीको कार्यमा अनधिकार बाधा उत्पन्न गरेमा वा त्यस्तो कार्यालय वा कर्मचारीलाई अनुचित प्रभावमा पारी आफूले तिर्नु बुझाउनु पर्ने राजस्व नतिरेमा वा जति तिर्नु पर्ने हो सो भन्दा कम रकम तिरेमा वा त्यस्तो कुनै कार्य गर्ने गराउने प्रयत्न गरेमा ।

(च) राजस्व बुझाउनु पर्ने कार्यालयको कर्मचारीसंग मिलोमतो गरी वा नगरी नेपाल सरकारलाई प्रचलित कानूनबमोजिम तिर्नु बुझाउनु पर्ने राजस्व रकममा हेरफेर वा परिवर्तन गरेमा वा राजस्व बुझाएको देखिने गलत लिखत तथा कागजात पेश गरेमा वा प्राप्त भएमा ।

(छ) राजस्व बुझाउने प्रयोजनको लागि घोषणा गरिनुपर्ने कुनै आय, घर जग्गा वा अन्य सम्पत्ति वा सामानको मूल्य घटी वा बढी हुनेगरी अभिलेखांकन गरी हिसाव तयार गरेमा ।

**३.३ नगरपालिकाको अधिकार क्षेत्र :** (१) कुनै व्यक्तिबाट भएको राजस्व चुहावट सम्बन्धी कसूरको अनुसन्धान तथा तहकिकात र तत्सम्बन्धी अन्य कारबाही नगरपालिकाले गर्नेछ ।

(१क.) दर्ता गरी वा नगरी वा इजाजत लिई वा नलिई गरिने सबै किसिमका आर्थिक कारोबारमा भएको राजस्व चुहावट सम्बन्धी अनुसन्धान, तहकिकात र तत्सम्बन्धी अन्य कारवाही न्रपैल्कँले गर्नेछ ।

**३.४ राजस्व चुहावटको सूचना :** कसैले राजस्व चुहावट गरेको छ वा गर्न लागेको छ भन्ने कुरा थाहा पाउने व्यक्तिले तत्सम्बन्धी विवरण वा सबूद प्रमाण खुलाई सो कुराको सूचना लिखित वा मौखिक रुपमा नगर प्रमुख समक्ष दिन सक्नेछ । त्यस्तो सूचना कुनै व्यक्तिले अफ्नो नाम नखुलाई वा आफ्नो नाम गोप्य राख्ने शर्तमा दिन सक्नेछ ।

३.४. **(क) आकस्मिक जाँच परीक्षण गर्न सक्ने :-** (३.२) बमोजिम राजस्व चुहावट गरेको मानिने कुनै कार्य भएको छ भन्ने विश्वास लाग्ने मनासिव माफिकको कारण भएमा वा दफा ७ बमोजिम राजस्व चुहावटको सूचना प्राप्त भएमा महानिर्देशक वा निजले खटाएको कुनै कर्मचारीले आकस्मिक रुपमा जुनसुकै व्यक्ति वा यात्रु एवम् मालसामान ओसारपसार गर्ने यातायातका

साधनलाई रोकी आवश्यक कागजात माग गर्न, तलासी लिन वा कुनै भवन, गोदाम, पसल, कारोबारस्थल, जग्गा र स्थान विशेषमा उपस्थित भई खानतलासी लिन, शीलबन्दी गर्न, कुनै मालवस्तु वा कागजात नियन्त्रणमा लिन सक्नेछ ।

(३.४) बमोजिम कुनै स्थानमा खानतलासी लिँदा वा आकस्मिक जाँच गर्नु पर्दा सम्बन्धित व्यक्तिलाई खानतलासी लिनु वा जाँच गर्नु परेको कारण खुलेको लिखित जनाउ दिनु पर्नेछ ।

## परिच्छेद - ४

## अनुसन्धान तथा कारवाही

४.१ यस कार्यविधी बमोजिम नगरपालिकाले राजस्व चुहावटको सम्बन्धमा अनुसन्धान तथा तहकिकात गर्दा देहायको अधिकार प्रयोग गर्न सक्नेछ :-

(क) सम्बन्धित कार्यालय वा कुनै व्यक्तिको साथमा रहेको सम्बद्ध कागजात वा प्रमाणको लिखत वा अन्य कुनै कुरा नगरपालिकामा पठाउन वा निश्चित समयभित्र नरपैल्कँ समक्ष पेश गर्न आदेश दिने, वा

(ख) राजस्व चुहावटको कसूरको आरोप लागेको व्यक्ति वा सम्बद्ध तथ्यहरुको जानकारी भएको भन्ने नगरपालिकाले सम्झेको व्यक्तिलाई उपस्थित गराई निजलाई सोधपुछ गर्ने र निजको बयान लिने ।

**४.२. पक्राउ गर्ने** (१) कुनै व्यक्तिले यस कार्यविधीको बर्खिलाप कुनै काम गरेको छ वा गर्न लागेको छ भनी शंका गर्नु पर्ने पर्याप्त कारण र आधार भएमा राजश्व अनुसन्धान अधिकृतले त्यस्तो व्यक्तिलाई जुनसुकै ठाउँमा पक्राउ गर्न वा पक्राउ गर्न आदेश दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम पक्राउ परेको व्यक्तिलाई बाटोको म्याद बाहेक चौबीस घण्टाभित्र अनुसन्धान अधिकृतले मुद्दा हेर्ने अधिकारी समक्ष पेश गर्नु पर्नेछ ।

**४.३. थुनामा राख्न सकिने :** यस ऐन अन्तर्गत पक्राउ परेको व्यक्तिलाई अनुसन्धानको सिलसिलामा मुद्दा हेर्ने अधिकारीको स्वीकृति लिई एकपटकमा पन्ध्र दिनमा नबढाई बढीमा पैंतालीस दिनसम्म थुनामा राख्न सकिनेछ ।

**४.३. अन्य कार्यालयलाई लेखी पठाउन सक्ने**: (१) राजस्व चुहावटको सम्बन्धमा अनुसन्धान अधिकृतले अनुसन्धान गर्दा प्रचलित कानून बमोजिम निर्धारण गर्नुपर्ने आयकर, मूल्य अभिवृद्धि कर, अन्तःशुल्क, भन्सार महसुल वा गैरकर निर्धारण गर्दा लापरबाही वा हेलचेक्र्याई वा अन्य कुनै कारणबाट त्रुटी हुन गएको पाएमा अनुसन्धान अधिकृतले सो कुरा उल्लेख गरी बिभाग समक्ष प्रतिवेदन पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम अनुसन्धान अधिकृतको प्रतिवेदन पेश हुन आएपछि बिभागले त्यस्तो कर, अन्तःशुल्क, भन्सार महसुल वा गैरकरको निर्धारणमा भएको त्रुटी सच्याउन सम्बन्धित निकायलाई लेखी पठाउनेछ ।

(३) उपदफा (२) बमोजिम त्रुटी सच्याउनको लागि लेखी आएमा सो बमोजिम त्रुटी सच्याउने कर्तब्य सम्बन्धित निकायको हुनेछ ।"

## परिच्छेद - ५

## मुद्दा सम्बन्धी कारवाही र कसूर सम्बन्धी व्यवस्था

**५.१. मुद्दा दायर गर्ने :** (१) राजस्व चुहावटको कसूर सम्बन्धी मुद्दा अनुसन्धान अधिकृतले नगरपालिकाको स्वीकृति लिई नेपाल सरकारको नामबाट मुद्दा हेर्ने अधिकारी समक्ष दायर गर्नेछ ।

**५.२. नेपाल सरकार वादी हुनेः** यस ऐन अन्तर्गतको मुद्दा नेपाल सरकार वादी हुनेछ ।

**५.३. हदम्यादः** यस ऐन बमोजिमको कसूरमा मुद्दा दायर गर्ने हदम्याद अनुसन्धान तथा तहकिकात समाप्त भएको मितिले पैंतीस दिनसम्म हुनेछ ।

**५.४ पुनरावेदन :** यस कार्यविधी बमोजिमको कसूरमा मुद्दा हेर्ने अधिकारी वा नगरपालिकाबाट भएको निर्णयबाट मर्का पर्ने व्यक्तिले सो निर्णय भएको मितिले पैंतीस दिनभित्र जिल्ला अदालतमा पुनरावेदन गर्न सक्नेछ ।

**५.५ दण्ड सजायः** (१) राजस्व चुहावटको कसुर गर्ने व्यक्तिलाई देहाय बमोजिमको सजाय हुनेछः-

(क) मालवस्तु कब्जामा लिईएकोमा त्यस्तो मालवस्तु जफत गरी बिगोको दोब्बरसम्म जरिवाना गर्न सकिनेछ ।

(ख) मालवस्तु कब्जामा नभई कारोबारको अभिलेख मात्रको आधारमा अपराध प्रमाणित भएमा सो कारोबारमा प्रचलित कानून बमोजिम बुझाउनु पर्ने राजस्व रकम र बिगोको दोब्बरसम्म जरिवाना गर्न सकिनेछ ।

(२) राजस्व चुहावटको कसुरमा मतियारलाई मुख्य अभियुक्तलाई हुने सजायको आधा सजाय हुनेछ ।

(३) उपदफा (१) को खण्ड (ख) बमोजिम बुझाउनु पर्ने राजस्व रकममा राजस्व सम्बन्धी प्रचलित कानूनमा उल्लेख भए बमोजिमको ब्याज समेत लाग्नेछ ।"

**५.६ पुरस्कारः** कसैले राजस्व चुहावट सम्बन्धी कसूर गरेको छ वा गर्न लागेको छ भन्ने कुराको सूचना दिने सुराकीलाई यस कार्यविधी अन्तर्गत दायर गरिएको मुद्दाको अन्तिम किनारा भएपछि असुल भएको बिगोको २० प्रतिशतमा नबढ्ने गरी पुरस्कार दिइनेछ। एकभन्दा बढी व्यक्तिहरुको सुराकबाट मुद्दा दायर भएकोमा पुरस्कारको रकम सुराकीहरुलाई दामासाहीको हिसाबले दिइनेछ।

## परिच्छेद - ६

## विविध

६.१. **विशेषज्ञ वा कर्मचारीलाई काममा लगाउन सकिनेः** यस ऐन अन्तर्गतको अनुसन्धान तथा तहकिकात सम्बन्धी कामकारवाहीको सम्बन्धमा नगरपालिकाले विशेषज्ञको राय लिन वा कुनै विशेषज्ञ वा अन्य कर्मचारीलाई काजमा लिई वा करारमा राखी काममा लगाउन सक्नेछ।

**६.२ सहयोग गर्नुपर्नेः** यस कार्यविधी अन्तर्गतको कसूरको सम्बन्धमा अनुसन्धान तथा तहकिकात गर्दा नगरपालिका वा अनुसन्धान अधिकृतलाई आवश्यक सहयोग पुऱ्याउनु सम्बन्धित सबैको कर्तव्य हुनेछ।

धन्यवाद।